# जलवायु परिवर्तन तथा रेडप्लसमा समता

## स्थानियस्तरका सहजकर्ताकालागि हाते पुस्तिका

प्रश्नोत्तर



USAID FROM THE AMERICAN PEOPLE

Norad

RECOFTC THE CENTER FOR PEOPLE AND FORESTS

**जलवायु परिवर्तन तथा रेडप्लस**मा समता स्थानीयस्तरका सहजकर्ताकालागि हाते पुस्तिका

प्रश्नोत्तर

सर्वाधिकार २ रिकफ्ट  नोभेम्वर २०१४

बैंकक, थाइलैण्ड

नेपालीमा अनुवाद : हरिशरण लुईटेल र विष्णुहरि पौड्याल

फोटो : रिकफ्ट (क्रेडिट दिएको बाहेक)

यो प्रकाशन प्रति आभार प्रकट गर्दै रिकफ्टको पूर्व स्विकृतिबिना पनि शैक्षिक र गैह्रव्यापारिक प्रयोजनकालागि यो प्रकाशन पुन छपाई गर्नसकिनेछ। तर व्यापारिक प्रयोजनकालागि प्रकाशन गर्नुपरेमा लिखितरुपमा रिकफ्टको पुर्व स्वीकृती लिनुपर्नेछ।

यो जलवायु परिवर्तन र रेडप्लसमा समाता स्थानिय स्तरका सहकर्ताका लागि प्रश्नोत्तर हाते पुस्तिका अंग्रेजी भर्सन इक्यूटी इन क्लाईमेट चेन्ज एण्ड रेडप्लस बाट अनुवादन गरी स्थानिय परिवेशमा ढालिएको हो।

यो प्रकाशन नर्वेजियन नियोग (नोराड) र अमेरिकी विकाश नियोग (यूएसएड) को आर्थिक सहयोगमा रिकफ्टद्वारा सञ्चालित क्रमशः रेडप्लसकालागि एसिया क्षेत्रमा स्थानीय क्षमता अभिबृद्धि परियोजना र मेकङ क्षेत्रमा स्थानीय समता तथा सवल सञ्जाल कार्यक्रम मार्फत् तयार पारिएको हो। यस प्रकाशनमा व्यक्त विचारहरु रिकफ्ट, नोराड र यूएसएडका नहुन सक्दछन्। अंग्रेजी भाषामा तयार पारिएको यो पुस्तीका अन्य भाषामा अनुवाद गर्दा हुनसक्ने त्रुटीका लागी समेत यी संस्थाहरु जिम्मेवार नहुन सक्दछन्।

# कृतज्ञता

रिकफ्ट रेडप्लसकालागि एसिया क्षेत्रमा स्थानियस्तरमा क्षमता अभिवृद्धि परियोजना तथा मेकङ क्षेत्रमा स्थानिय समता तथा सवल सञ्जाल कार्यक्रमका लागि आर्थिक सहयोग गर्ने क्रमशः नोराड र यूएसएआइडलाई धन्यबाद दिन चाहन्छ ।

# यो प्रकाशनको उद्देश्य

यो हाते पुस्तिका रिकफ्टद्वारा सञ्चालित दुई परियोजनाहरु एसियामा रेडप्लसकालागि स्थानीय क्षमता अभिवृद्धि र मेकङ क्षेत्रमा स्थानीय समता तथा सवल सञ्जाल कार्यक्रमबीचको सहर्कार्य मार्फत् तयार पारिएको हो । रेडप्लस[1] मार्फत् जलवायु परिवर्तन न्यूनीकरणकालागि स्थानियस्तरका तालिम सहजकर्ताहरुलाई सहयोग पुऱ्याउन नै यो प्रश्नोत्तर पुस्तिकाको उद्धेश्य हो । स्थानिय र क्षेत्रियस्तरमा वन व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण सम्बन्धी कार्यगर्दा समतालाई बढावा दिनकालागि कामगर्ने वन अधिकारीका साथै जोसुकैले पनि यो हातेपुस्तिका छरितो सामाग्रीको रुपमा प्रयोगगर्न सक्दछन् ।

हाल रेडप्लस र रेडप्लसमा समतासम्बन्धि थुप्रै सन्दर्भ सामाग्रीहरु उपलब्ध भएतापनि तिनीहरु जटील भएकाले ति दस्तावेजमा स्थानीय सरोकारवालाहरुको पहुँच सजिलो छैन् । साथै केही सजिलै बुझिने, प्रष्ट र संक्षित दस्तावेजहरु उपलब्ध भएतापनि उनीहरुको पहुँच सिमित नै छ । फलस्वरुप स्थानियस्तरमा समतालाई बढावा दिनकालागि आवश्यक जानकारी संकलन तथा प्रयोग गर्नु उनीहरुकोलागि चुनौतिपूर्ण नै छ । त्यसका साथै सामाजिक समताको अवधारणा जटील तथा अमूर्त हुने भएकाले स्थानियस्तरमा बुझिने गरी सजिलै व्याख्या गर्न आवश्यक छ । नीतिनिर्माता समक्ष आफ्ना भनाई र दृष्टिकोण प्रष्टरुपमा राख्नकालागि नागरीक समाज तथा गैह्रसरकारी संस्थाका स्थानिय सरोकारवालाहरुको क्षमता सिमित भएकाले उनीहरुलाई विशेष चाहना र इच्छा भएका समूहरुले छलकपटपूर्ण तरिकाले फसाउनसक्ने जोखिम समेत छ । यस्तो अवस्थामा यो प्रश्नोत्तर पुस्तिकाले वन व्यवस्थापन, जलवायु परिवर्तन र रेडप्लसका सन्दर्भमा सामाजिक समतासम्बन्धि प्रमुख पक्षहरुकाबारेमा सरलरुपले व्याख्या गर्ने प्रयास गरेको छ ।

[1]रेडप्लस भन्नाले वन विनाश र वन क्षयिकरणमा मात्र सिमित नभइ वन संरक्षण, वनको दीगो व्यवस्थापन र वनमा कार्वन भण्डारण बढाउने कुरा समेतलाई बुझ्नु पर्दछ ।

# पुस्तिकाको संरचना

यो पुस्तिकामा सिलसिलेवार रुपमा १० वटा प्रश्न र उत्तरहरु प्रस्तुत गरिएका छन् । खासगरी यसमा स्थानियस्तरमा कार्यरत सहजकर्ताको क्षमता विकाश सम्बन्धि आवश्यकतालाई ध्यानदिंदै प्रश्नहरु प्रस्तुत गरिएका छन् । यि प्रश्नहरुले वन व्यवस्थापन र जलवायु परिवर्तनका सन्र्दभमा सामाजिक समतासम्बन्धी आधारभूत प्रश्नहरुको सम्बोधन गर्नुकासाथै समता, सहभागीता र सामाजिक समावेशीकरणमा सुधारकालागि स्थानीय सरोकारवालाहरुलाई उत्साहीत समेत गर्दछन् । प्रश्नहरु तल उल्लेखित गरिए अनुसार व्यवस्थीत गरिएका छन् ।

भाग १: वन, जलवायु परिवर्तन र रेडप्लसका सन्दर्भमा सामाजिक समताका अवधारणा, यसका विभिन्न पक्षहरु तथा यो कसरी समानतासँग फरक छ भन्ने कुराको व्याख्या यो भागमा गरिएको छ ।

भाग २: वन क्षेत्रमा समताको उत्पत्ती तथा विकासक्रमका साथै वन व्यवस्थापन, जलवायु परिवर्तन र रेडप्लसमा यो लागू गर्नुपर्छ भन्ने तर्कका आधार तथा प्रमुख कारणहरुकाबारेमा यो खण्डमा व्याख्या गरिएको छ ।

भाग ३: जलवायु परिवर्तन र रेडप्लसमा समतालाई प्रर्वद्धन गर्न अन्तर्राष्ट्रियस्तरका नीतिगत व्यवस्था र तिनलाई स्थानियस्तरमा लागूगर्दा हुने चुनौतिहरु यो खण्डमा व्याख्या गरिएको छ ।

भाग ४: यो खण्डमा स्थानियतहमा समतालाई सुधारगर्दै लैजानकालागि आवश्यक क्षमता अभिवृद्धिका लागी प्रमुख बुँदाहरु माथी छलफल गरिएको छ । यो भागमा रेडप्लस र जलवायु परिवर्तनमा आधारभूत सिद्धान्त र मान्यताका मिलानका साथै तिनीहरुको प्रभावकारिताको अनुगमन गर्नकालागि आवश्यक आधार तथा संकेतहरुकाबारेमा छलफल गरिएको छ । यसका साथै यो खण्डमा स्थानियस्तरमा रेडप्लस क्षमता अभिवृद्धि परियोजना र मेकङ क्षेत्रमा समता तथा सवल सञ्जाल कार्यक्रमले कसरी वन र जलवायु परिवर्तनका क्षेत्रमा समतालाई सवलीकरण गरेका छन् भन्ने कुरा प्रष्ट्याइएको छ ।

# प्रमुख दश प्रश्नहरु





## खण्ड १: समताको आधारभूत बुझाई

प्रश्न १: समता भनेको के हो र यो कसरी समानता भन्दा फरक छ ?

प्रश्न २: समताका प्रमुख पक्षहरु के के हुन् ?

## खण्ड २: वन, जलवायु परिवर्तन र रेडप्लसका सन्दर्भमा समता

प्रश्न ३: वनमा आधारित जलवायु परिवर्तन न्यूनीकरणमा समता सुधार्नका लागी आधारभूत तर्कका आधारहरु के के हुन् ?

प्रश्न ५: समताको अभावले कसरी वनमा आधारित जलवायु न्यूनीकरणमा स्थानिय सरोकारकवालाहरुको जोखिम बढ्दछ ?

प्रश्न ४: वनमा आधारित जलवायु परिवर्तन न्यूनीकरणमा समता सम्बन्धि प्रमुख सवालहरु के के हुन् ?





## खण्ड ३: वनमा आधारित जलवायु परिवर्तन न्यूनीकरणमा स्थानियस्तरमा समता प्रोत्साहन गर्न भएका नीतिगत प्रावधान र सम्बन्धित चुनौतीहरु

प्रश्न ६: वन, जलवायु परिवर्तन र रेडप्लसमा समता प्रोत्साहन गर्न अन्तर्राष्ट्रिय तहमा के कस्ता नीतिगत प्रावधान तथा संरचनाहरु छन् ?

प्रश्न ७: वनमा आधारीत जलवायु न्यनीकरणकालागी स्थानीय तहमा समता निश्चित् गर्न के कस्ता चुनौतीहरु छन् ?

## खण्ड ४: स्थानिय तहमा समता सुधार गर्नकालागि क्षमता अभिवृद्धि

प्रश्न ८: रेडप्लस र जलवायु परिवर्तनमा समताको प्रवर्द्धन गर्न स्थानिय सहजकर्ताको भूमिका के हुनसक्दछ ?

प्रश्न १०: वनमा आधारीत जलवायु परिवर्तन न्यूनीकरणमा समता सुधार गर्नकालागि रिकफ्टको भूमिका के हुनसक्दछ ?

प्रश्न ९: वन, जलवायु परिवर्तन र रेडप्लसमा समताको अनुगमन गर्न आवश्यक प्रमुख आधार र संकेतहरु के के हुन् ?



# खण्ड १: समताको आधारभूत बुझाई

# प्रश्न १:

## समता भनेको के हो र यो कसरी समानता भन्दा फरक छ ?

समता प्रत्येक व्यक्तिले आफ्ना इच्छाआकांक्षा परिपूर्ती गर्नकालागि आवश्यक अधिकार, अवसर र स्रोतसाधनहरु प्राप्तगर्ने कुरासँग सम्बन्धित हुन्छ । प्रत्येक व्यक्तिको जीवन उसको नियन्त्रणभन्दा बाहिरको अन्यायपूर्ण अवस्थाका कारणले नभई उसको आफ्नै निर्णयले निर्धारण गर्दछ भन्ने बिचारमा समताको अवधारणा सिर्जना भएको छ । सिमित स्रोतसाधनलाई न्यायपूर्ण र तटस्थ तथा पक्षपातरहित प्रणाली अनुसरण गरी वितरण गर्नेकुरासँग समता सम्बन्धित छ ।

तसर्थ, समता भन्नाले सबैले स्वीकार गरिएका सिद्धान्तका आधारमा सम्बन्धित सबै सरो कारवालाहरुलाई नीतिनियम बनाउने र लागूगर्ने कार्यविधीका साथै स्रोतसाधन र त्यससँग सम्बन्धित स्रोत र लागतको वितरणमा समेत न्यायपूर्ण हिसाबले व्यवहार गरिने कुरालाई बुझिन्छ ।

समता सबै व्यक्तिसँग आफ्नो जिवन जिउने अधिकार बराबर हुन्छ भन्ने समानताको सिद्धान्तका आधारमा जोडिएको छ । यसर्थ समता कहिलेकाहीं समानतासँग समानार्थी रुपमा प्रयोग हुने गर्दछ । तर यि दुई अवधारणाहरु फरकफरक हुन् । समानता भन्नाले सन्दर्भ, अवस्था, अवसर तथा पद फरक फरक हुँदाहुँदै पनि  सबै व्यक्तिलाई समान किसिमले व्यवहार गर्नुपर्छ भन्ने बुझिन्छ । तैपनि सबै व्यक्तिलाई एकै किसिमको व्यवहार गर्दा न्यायपूर्ण उपलब्धि प्राप्त नहुन सक्दछ । सबै व्यक्तिहरुको सर्न्दभ, अवस्था र आवश्यकताहरु समान भएमा मात्र समानताको अवधारणा प्रभावकारी हुनसक्दछ । समताले सबै व्यक्ति एकै किसिमका अवस्थामा हुँदैनन् र केही व्यक्ति काबू नियन्त्रण भन्दा बाहिरको कारणलेगर्दा अन्यायपूर्ण तरीकाले बेफाइदामा पर्न सक्दछन् भन्ने कुरालाई ख्याल गर्दछ ।

मानिसलाई आफ्नो पूर्ण क्षमता प्रयोगगर्न वा पूर्ण फाइदा लिन व्यवधान खडा गर्ने हटाउन सकिने र विभेदकारी अवस्थाहरुलाई हटाउनु नै समताको लक्ष्य हो । समतामूलक पद्धतीले



मानिसका अवस्थामा भएका अन्यायपूर्ण विभेदका कारण पहिचान गर्न र तिनलाई सम्बोधन गर्न आवश्यक परिवर्तन गर्नका लागि सहयोग गर्दछ ।

लैङ्गिक, जातिय, धार्मिक तथा शारिरीक दुर्बलताका दृष्टिआधारमा विभिन्न सामाजिक समूहहरुमा कुनैपनि किसिमका विभेदका कारण प्रायः असमता हुनेगर्दछ । कुनैपनि किसिमको विभेदले व्यक्ति तथा समुहलाई आफ्ना अधिकारहरु स्वतन्त्ररुपले उपयोग गर्नबाट बञ्चित गराउँदछ । उदाहरणका लागि कुनै व्यक्ति तथा समुहलाई अन्य समूहको पहुँच भएको स्रोतमा पहुँच नदिनु । संरचनागत गरीबी, दुर्गम तथा एकान्तको बसाई, सुचना तथा सेवामा पहुँचको अभाव, वातावरणीय क्षयीकरण तथा प्राकृतिक प्रकोप आदिका कारण मानिसले असमता व्यहोर्नु परेकोछ । असमता एउटा समुदाय र अर्को समुदायविचमा मात्रै नभई विभिन्न देशहरुबीचमा र विभिन्न तहहरुमा हुनेगर्दछ ।

# प्रश्न २:

## समताका प्रमुख पक्षहरु के के हुन् ?

समतासँग तल व्याख्या गरिएझैं वितरणजन्य, कार्यविधिजन्य र सन्दर्भ वा परिस्थितिजन्य गरी प्रमुख रुपमा तीनवटा पक्षहरु सम्बन्धित छन् । यसकारण समताको सही विश्लेषण गर्ने हो भने यी तिनै प्रकारका पक्षहरुलाई उत्तिकै ध्यान दिएर केलाउनु जरुरी हुन्छ ।

विवरणजाय समत: नीति तथा स्रोत व्यवस्थापनसँग सम्बन्धित निर्णयका कारण सरोकारवालाहरु बीच लगानी, योगदान र जोखिम र लाभको वितरणमा न्यायिक सम्बन्धको कुरा वितरणजन्य समतासँग सम्बन्धित छ । यस्तो समता खासगरी आर्थिक पक्षसँग जोडिएका हुन्छ ।

**कार्यविभाजन समता:** निर्णय गर्ने, स्रोतको वितरण गर्ने तथा विवाद समाधान गर्ने कार्यलाई सहजीकरण गर्ने न्यायपूर्ण राजनीतिक प्रक्रियाको कुरा कार्यविधिजन्य समतासँग सम्बन्धित छ । यसले जतिनिधित्व समावेशी आवास कार्यविधि जय समताले कार्यविधि निस्पक्षरुपले कार्यन्वयन भएको जनाउँदछ । जस्तै: भ्रष्टाचार रहित नातावाद तथा कृपावाद रहित र सहभागिताको प्रक्रियालाई समेट्दछ ।

**सन्दर्भ वा परिस्पितिजन्य समता:** सन्दर्भजन्य समताले राजनीतिक, आर्थिक तथा सामाजिक अवस्थालाई मध्यनजर गर्दै अन्य दुई किसिमका समताहरुलाई जोड्ने कार्य गर्दछ । यसले कार्यविधिजन्य समता र वितरणजन्य समतासँग सम्बन्धित व्यक्तिको क्षमतालाई सिमित पार्ने वा बढावा दिने काम गर्दछ । सन्दर्भजन्य समताले शिक्षा तथा राजनीतिक पहिचान जस्ता व्यक्तिगत क्षमता, प्राकृतिक र अन्य स्रोत तथा बजार संयन्त्रमाथिको पहुँच र सो प्राप्त तथा व्यवस्थित गर्ने शक्तिलाई समेत हेर्दछ ।

समताका यि तीन पक्षहरु एकआपसमा अन्तरसम्बन्धित छन् त्यसैले कुनै एकको अभावमा पनि सहि अर्थमा समता प्रोत्साहन गरी चाहेजस्तो उपलब्धी हासिल गर्न सकिंदैन । उदाहरणका लागि क्षमता, पहुँच तथा शक्तिमा भएको फरकपनले कार्यविधिजन्य समता र वितरणजन्य समतामा महत्वपूर्ण प्रभाव पार्दछ ।

त्यस्तै समुदायसँग अर्थपूर्ण सहभागीताकालागि आवश्यक सूचना समय तथा अनुभवको अभाव भएमा स्वतन्त्र, अग्रीम र सुसूचित सहमती (एफपीआइसी) ले पनि उनीहरुलाई आफ्ना अधिकार सुरक्षित राख्न तथा आफ्ना इच्छा र चाहनाको वकालत गर्न प्रभावकारी रुपले सहयोग गर्नसक्दैन ।



# खण्ड २: वन, जलवायु परिवर्तन र रेडप्लसका सन्दर्भमा समता

# प्रश्न ३:

## वनमा आधारित जलवायु परिवर्तन न्यूनीकरणमा समता सुधार्नकालागि आधारभूत तर्कका आधारहरु के के हुन् ?

विकाशका साथै वनका क्षेत्रमा समताको अवधारणा नयाँ होइन । विधिवत् रुपमा धेरै पहिले देखि नै वन क्षेत्रमा समता किन र कसरी सुधार गर्दैजाने भन्ने विषयमा चर्चापरिचर्चा हुन थालेको हो । समुदायमा आधारित वन व्यवस्थापन, संयुक्त वन व्यवस्थापन (जोइन्ट फरेष्ट म्यानेजमेण्ट), सहकार्यमा आधारीत वन व्यवस्थापन (कोलावोरेटिव फरेष्ट म्याने जमेण्ट), ग्रामीण वन (भिलेज फरेष्ट्री) जस्ता सहभागीतामूलक वन व्यवस्थापन पद्धतिहरुको शुरुआत्सँगै वनक्षेत्रमा समताको विषयमा चर्चा बढ्यो । यद्यपी यस्तो चर्चा धेरैजसो सामाजिक न्याय तथा पक्षपातरहित मुनाफा वितरण (वितरणजन्य समता) मा केन्द्रीत थियो । हाल अधिकारमुखी वकालतको प्रादुर्भावसँगै समताको चर्चा बिस्तारै अर्को स्तरसम्म फैलिएको छ । खासगरी व्यक्ति तथा समुदायको निर्णय प्रकियामा सहभागीता बढाउन र स्रोतमाथीको पहुँच बढाउँदै त्यसम ाथी नियन्त्रण गर्ने शक्ति प्रवर्द्धन गर्नकालागी उनीहरुको क्षमता अभिवृद्धि र सशक्तीकरण गर्ने कार्यलाई समेत समताले केन्द्रमा राखेर सम्वोधन गर्दछ ।

त्यसैले वनक्षेत्रमा समता सुधारगर्न प्रमुख तर्कको आधार वन श्रोतमा आश्रित, वन व्यवस्थापनमा सहभागी तथा निर्णायक भूमिका खेल्ने हरेक व्यक्तिकालागी न्यायपूर्ण तरीकाले जिम्मेवारी, लागत तथा मुनाफाको बाँटफाँड गर्नुसँग सम्बन्धित छ । यसोभएमा मात्र वनजन्य स्रोत तथा सेवाको दीगो आपूर्ती भइ उनीहरुको जिविकोपार्जन सुरक्षित हुनसक्दछ । यद्यपी समताका तीनवटै पक्षहरु अन्तरसम्बन्धित गराइ वन व्यवस्थापनमा लागू गरेमा मात्र उल्लेखित उपलब्धि हासिल हुनसक्दछ । तीनमध्ये कुनै एक पक्षको अभावमा पनि जिविकोपार्जन सुरक्षाकालागी आवश्यक पर्ने आधारभुत आम्दानी प्राप्तगर्न असफल हुनसक्दछ । त्यसकासाथै वनस्रोत व्यवस्थापनमा पहुँच नियन्त्रण तथा प्रयोगमा सरोकार वालाहरुबीच भएको विविधताले कार्यविधीजन्य समता र वितरणजन्य समतालाई प्रभाव पारेर असमताको स्थिती उत्पन्न हुनपनि सक्दछ । गरीब र सिमान्तीकृत वर्गलाई प्रष्टरुपमा लक्षित गरी (सन्दर्भजन्य समता) उनीहरुको फाइदा बढाउनकालागि सहयोग गरि (वितरणजन्य समता) निर्णय गर्ने स्थानमा संलग्न हुन (कार्यविधीजन्य समता) सहयोग गरेमा असमता आउने सम्भावनालाई कमगर्न सकिन्छ । तलको बाकस १ मा नेपालको यस्तै घटनालाई चित्रित गरिएको छ ।

**बाकस १: सामुदायिक वनमा वितरणजन्य, कार्यविधिजन्य र सन्दर्भजन्य समता**

नेपालको सामुदायिक वनमा वितरणजन्य, कार्यविधिजन्य र सन्दर्भजन्य समताको अन्तर क्रियात्मक सम्बन्ध देखिन्छ ।

वनको अवस्था सुधार गर्ने प्रमुख उद्देश्यले सन् १९७० को दशकमा सामुदायिक वनको सुरुवात् भएको हो । शुरुमा वनमा पुर्नउत्पादनलाई प्रोत्साहन गर्नकालागी वनबाट पैदावरहरु कटान नगर्ने भनि सामुदायिक वन उपभोक्ता समूहहरुले प्रयास गरेका थिए । यस्तो निर्णयले गर्दा आफ्नो निजी वन नभएका वनमा आश्रित तथा वनपैदावारको बिक्रीबाट आयआर्जन गरी जिविका गर्ने व्यक्ति तथा समुदायलाई प्रत्यक्ष प्रभाव पऱ्यो । तुरुन्तै वन संरक्षणको लागत र त्यसबाट प्राप्त मुनाफा (वन पैदावार तथा राजस्व) को वितरण प्रमुख सवालको रुपमा देखापऱ्यो । फलस्वरुप जिविकोपार्जनमा सुधार पनि सामुदायिक वनको उदेश्य हुनुपुग्यो । सन् २००९ सम्म आइपुग्दा सामुदायिक वनको मार्गदर्शनले प्रष्टरुपमा समतालाई सम्बोधन गर्दै गरीब जनताको हकहितकालागि सामुदायिक वनले आफ्नो आम्दानीको ३५% अंश खर्च गर्न निर्देशन गऱ्यो । धेरैजसो ठाउँमा सामुदायिक वनका नियमहरु समानताका आधारमा लागू गरिएका छन् भने केही ठाउँमा विभिन्न कारणले केही व्यक्तिहरु (जो वनपैदावर संकलनमा जान सक्दैन, जसलाई वन पैदावारको आवश्यकता पर्दैन वा जसले तोकिएको शर्तहरु पुरागर्न वा पालना गर्न सक्दैनन् आदि) लाई फाइदा नपुगेको पनि छ । उदाहरणकालागि गरीबहरु आफ्नो भागमा परेको काठ काट्न, ढुवानी गर्न र उपयोग गर्न पहुँच, साधन र क्षमता नभएर फाइदाबाट बञ्चित भएका छन् । यस्तो सन्दर्भजन्य असमताबाट सिर्जीत अवस्थामा केही सामुदायिक वन उपभोक्ता समूहहरु आफ्ना वन व्यवस्थापन योजनाहरु परिवर्तन गरी गरीबकालागि उनीहरुको आवश्यकता तथा पहुँचमा भएका वन पैदावरहरु जस्तै दाउरा, जरिबुटी आदिको व्यवस्थापन र कटानलाई प्राथमिकतामा राख्दैछन् ।

विद्यालयको पढाइ शुल्क तिर्न तथा पोशाक किन्न नसकी शिक्षाबाट बञ्चित रहेका गरीब तथा विपन्न घरधुरीहरु समूहले गर्ने सामूहिक लगानी जस्तै स्कूल निर्माण आदिबाट फाइदा पाउन नसकेको देखिन्छ (सन्दर्भजन्य असमता) । यस्तो अवस्थामा पनि केही समूहहरुले गरीब तथा जेहन्दार विद्यार्थीहरुलाई छात्रवृत्ती दिनुका साथै पोशाक किनिदिने समेत गरेकाछन् ।

दात्तृसंस्था मार्फत् सञ्चालित थुप्रै परियोजनाहरु पनि सामुदायिक वनमा वितरणजन्य समता प्राप्त गर्न, सन्दर्भजन्य असमता घटाउन र कार्यविधिजन्य समता सुधारगर्न लागिपरेका छन् । यसको सुरुआत् कार्यसमिती र निर्णायक तहमा महिला तथा दलित र अन्य सिमान्तीकृत वर्गको सहभागीताको सुनिश्चित गर्दै भएको छ । अझै गरीव तथा विपन्नको पहिचान, सम्पन्नता स्तरीकरण तथा आमसभा मार्फत् आर्थिक कारोवारको लेखाजोखा गर्ने जस्ता सुशासनका कार्यगरी प्रत्यक्ष रुपमा सिमान्तीकृत समुदायहरुको आवश्यकतालाई सम्बोधन गर्ने निर्णय प्रक्रिया तर्फ सामुदायिक वन उपभोक्ता समूहहरु लागिपरेका छन् ।

स्रोत: McDermott M.H. and Schreckenberg K., 2009. Equity in community forestry: insights from North and South. International Forestry Review, 11(2), pp. 157-170.

# प्रश्न ४ः

## वनमा आधारित जलवायु परिवर्तन न्यूनीकरणमा समता सम्बन्धी प्रमुख सवालहरु के के हुन् ?

सामान्यतया वन क्षेत्रमा सुधार गर्नकालागि आवश्यक आधारभूत सिद्धान्त र मान्यताहरु रेडप्लसको हकमा पनि उत्तिकै सान्दर्भिक तथा कार्यान्वयन हुनसक्छन् । क्यानकुन सम्झौता[2] मा भनिएझैं समताका तीनवटै पक्षहरु रेडप्लस कार्यक्रमको सफलताकालागी महत्वपूर्ण छन् । सम्झौतामा उल्लेख भएझै लागत तथा मुनाफा बाँडफाँड, निर्णय प्रक्रियामा समान सहभागीता र कार्वन तथा गैरकार्वन फाइदामा पहुँचजस्ता रेडप्लसको प्रभावकारीता बढाउनकालागी समता अनिवार्य छ (Chhatre et.al., 2012[3]; McDermott et al., 2014 )[4] ।

रेडप्लसमा हाल भइरहेका समतासम्बन्धी चर्चा बहसहरु राष्ट्रिय तथा स्थानीयस्तरका विषयमा नभइ बढीजसो अन्तर्राष्ट्रिय स्तरका सवालमा केन्द्रित छन् । रेडप्लसमा अन्तर्राष्ट्रिय स्तरको समताको बहस विकसित देशहरुले गरेको कार्वन उत्सर्जन र सो उत्सर्जनलाई विकासोन्मुख/अल्पविकसित वन क्षेत्र भएका देश उत्सर्जन न्यूनिकरण गरी वा कार्वन सञ्चिती गरी व्यवस्थित गर्न आर्थिक सहयोग गर्नुपर्ने बाध्यता रहेको विषयमा केन्द्रित छ । तैपनि रेडप्लससँग सम्बन्धित जनचेतना तथा बुझाइ बढ्दै जाँदा यससँग सम्बन्धित समताका सवालहरु विभिन्न तहमा छलफलको बिषय बनेको छ (बाकस २ हेर्नुहोस) ।

[2] Achieved at the United Nations Climate Change Conference held in Cancun, Mexico from 29 November to 10 December 2010.

[3] Chhatre, A., Lakhanpal, S., Larson, A. M., Nelson, F.,Ojha, H. and Rao, J., 2012. Social safeguards and co-benefits in REDD+: a review of the adjacent possible. *Current Opinion in Environmental Sustainability* 4, pp. 654-660. Available at: http://dx.doi.org/10.1016/j.cosust.2012.08.006

[4] McDermott, C.L., Coad, L., Helfgott, A., and Schroeder, H., 2012. Operationalizing social safeguards in REDD+: actors, interests and ideas. *Environmental Science & Policy* 21, pp. 63-72. Available at: http://dx.doi.org/10.1016/j.envsci.2012.02.007

स्थानियतहका रेडप्लससँग सम्बन्धित समताका सवालहरु धेरै फरक नभएर वनक्षेत्रमा हाल देखापरेका वा पहिल्यैदेखि भइरहेका सवालहरुसँगै सम्बन्धित छन्। वनको भू-स्वामित्व अस्पस्ट हुनु, वनको स्थानिय शासनको संरचना कमजोर हुनु, महिला र सिमान्तीकृत वर्गहरु निर्णय प्रक्रियाबाट बाहिर पारिनु तथा वन स्रोतमाथि स्थानिय टाठाबाठाहरुको नियन्त्रण हावीहुनु आदि रेडप्लसबाट प्राप्तहुने कार्वन र गैरकार्वन फाइदाहरुको स्वामित्व तथा वितरणलाई प्रभावपार्ने सवालहरु छन् । साथै सन्दर्भअनुसार वनक्षेत्र भन्दा बाहिरका वन विनाश तथा वन क्षयीकरणका कारणहरुले पनि रेडप्लससँग सम्बन्धित असमतालाई बढाउन सक्दछन् । रेडप्लसको चर्चा बढ्दैजाँदा असमता विभिन्न उद्धेश्य सहित फरक तहमा थुप्रै  सरोकारवालाहरुको चासोको विषयको रुपमा अगाडी बढेको छ । यसले गर्दा निर्णय प्रकिया तथा सरोकारवालाहरुका विवादित इच्छा चाहनासँग सम्बन्धित नयाँ सवालहरु जन्मिएका छन् । यी सवालहरुले पनि प्रत्यक्ष रुपमा समतासम्बन्धी सवाललाई प्रभाव पारेका हुन्छन् ।

**बाकस २ः रेडप्लसमा समता सम्बन्धी अन्तर्राष्ट्रिय चर्चा**

आमसञ्चार माध्यममा रेडप्लसमा समता सम्बन्धी गरिएका नीतिगत चर्चा केलाउँदै दि ग्रिगोरीओ र साथीहरु (२०१३) ले गरेको एक तुलनात्मक अध्ययनका अनुसार इन्डोनेशिया र ब्राजीलका राष्ट्रियस्तरका सरोकारवालाहरुले रेडप्लसका कारण हुने उत्सर्जन कटौती र आर्थिक लगानीका जिम्मेवारीहरु अल्पविकसित र विकसित देशहरुबीच बाँटफाँट गर्ने बारे छलफल गरेका छन् । यस्तो छलफललाई उनीहरुले अन्तर्राष्ट्रियस्तरको समताको रुपमा हेरेका छन् । यसको उल्टो फिलिपिन्समा भने नागरिक समाजहरु देशभित्रै हुने रेडप्लसका लगानी र मुनाफा बाँडफाँडका बिषयमा केन्द्रित छन् । त्यस्तै भियतनामका राष्ट्रिय सरोकारवालाहरुले आफ्ना छलफलहरु स्थानियस्तरमा रेडप्लसमा हुने समता तथा त्यसले स्थानिय जिविकोपार्जनलाई पार्ने असरहरुकाबारेमा केन्द्रित गरेका छन् । देशका नागरिक समाजहरु वनको स्वामित्वको व्यवस्था, आदिबासीका अधिकार (उनीहरु यसलाई स्थानिय अधिकार भन्छन्) तथा रेडप्लसको संरचना निर्माण, योजना तर्जुमा तथा लागू गर्नमा स्थानिय समुदायको सहभागीताको कुरालाई समतासँग जोडेर हेर्ने तथा सोही अनुसार आवाज उठाउने गरेका छन् ।

स्रोतः Di Gregorio, M., Brockaus, M., Cronin, T., Muharrom, E., Santoso, L., Mardian, S. and Büdenbender, M. 2013. Equity and REDD+ in media: a comparative analysis of policy discourse. Ecology and Society, 18(2).

## प्रश्न ५:

## समताको अभाव हुँदा वनमा आधारित जलवायु परिवर्तन न्यूनीकरणमा स्थानिय सरोकारकवालाहरुको जोखिम कसरी बढ्दछ ?

प्रमुख रुपमा जलवायु परिवर्तन न्यूनीकरणकालागि हरितगृह ग्याँस उत्सर्जन कम गर्नुका अलावा यस संयन्त्रबाट स्थानिय समुदायहरुलाई विभिन्न किसिमका फाइदाहरु हुनसक्दछन् भनि धेरै संघसंस्था र सरकारहरु रेडप्लसमा संलग्न भएका छन् ।

राम्रोसँग लागु गरिएमा रेडप्लस संयन्त्रले राष्ट्रिय र स्थानियतहहरुमा वनको शासकिय पद्धतिमा समता सुधार गर्न सहयोग गर्दछ । यसको विपरित यदि समताका प्रमुख पक्षहरुलाई वेवास्ता गरियोभने रेडप्लस कार्यक्रम असफल हुनुका साथै यसले गरीब र सिमान्तीकृत समुदायहरुलाई अझै एक्ल्याउँदै लानेछ । यदि सबै सरोकारवालाहरुको आधिकारीक प्रतिनिधित्व र अर्थपूर्ण सहभागीता भएन भने रेडप्लसबाट प्राप्तहुने सबै प्रकारका फाइदाहरुमाथी स्थानिय टाठाबाठा र शक्तिशाली वर्गले अधिपत्य जमाउन सक्दछन् । यस्तो अवस्थाले निश्चित कमजोर वर्गलाई अझै सिमान्तीकृत गर्नेगर्दछ । खासगरी महिला, सुकुम्बासी, आदिबासी आदि समुदायहरुको निर्णय प्रकियामा कमजोर प्रतिनिधित्व भएमा उनीहरुको अवस्था अझै खराब हुनसक्दछ । त्यस्ता समुहमाथि भु-स्वामित्व तथा भु-उपयोग सम्बन्धी विभेदकारी अभ्यासहरु निरन्तर चलेका हुनाले उनीहरुको पर्याप्त प्रतिनिधित्व र सक्रिय सहभागीता महत्वपूर्ण हुन्छ । त्यस्ता समुहहरुको वनको स्रोतसाधन, सूचना, बजार संयन्त्र तथा आर्थिक कारोबारमा पहुँच कम हुनाको साथै निर्णय प्रकियामा आफ्ना आवाज मुखरित गर्ने क्षमता पनि कमजोर हुनेहुनाले पनि उनीहरु बढ्ता जोखिममा हुने गर्दछन् ।

यदि वन, जलवायु परिवर्तन तथा रेडप्लसका निर्णय प्रकियाहरुमा समताका आधारभूत पक्षहरु (वितरणजन्य, कार्यविधिजन्य र सन्दर्भजन्य समता) मूल प्रवाहीकरण गरिएन भने स्थानीय समुदायहरुका जोखिम अझै बढ्दै जाने देखिन्छ ।



# खण्ड ३: वनमा आधारित जलवायु परिवर्तन न्यूनीकरणमा स्थानिय स्तरमा समता प्रोत्साहन गर्न भएका नितीगत प्रावधान र सम्वन्धित चूनौतीहरु

# प्रश्न ६ः

## वन, जलवायु परिवर्तन र रेडप्लसमा समता प्रोत्साहन गर्न अन्तराष्ट्रिय तहमा के कस्ता नीतिगत प्रावधान तथा संरचनाहरु छन् ?

समता विभिन्न देश र समुदायकोबीचमा मात्र नभएर विभिन्न पुस्ताहरुबीच पनि लागू हुन्छ । समताको अवधारणा अन्तर्राष्ट्रिय कानुनसँग अन्योन्याश्रित सम्बन्ध रहेको छ । मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रले व्यवस्था गरे अनुसार मानव समुदायका सबै व्यक्तिमा अन्तरनिहित सम्मान तथा बराबर र छुट्याउन नमिल्ने/नसकिने अधिकारको पहिचान गर्नु नै संसारमा स्वतन्त्रता, न्याय र शान्ती स्थापनाको आधार हो (Weiss, 1990) ।

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघिय प्रारुप शान्ति महासन्धी (युएनएफसीसीसी) को सन् २००९ मा कोपनहेगनमा भएको पक्षराष्ट्रहरुको १५ औं सम्मेलनले रेडप्लसमा समताका सम्बन्धमा सहमती विकाश गरेको छ । सो सहमती अनुसार वनमा आश्रित समुदायलाई सामाजिक तथा वातावरणीय खतरा तथा हानी नपुगोस् र उनीहरुलाई समतामूलक ढंगले रेडप्लसबाट फाइदा पुगोस भनेर रक्षात्मक उपायहरु विकाश गर्ने निर्णय गरिएको छ । यो सहमतीलाई महासन्धीका पक्षराष्ट्रहरुका क्यानकुनमा भएको १६ औं सम्मेलनले “क्यानकुन सम्झौता” को नाममा सम्झौताको रुपमा विकाश गरेको छ । सो सम्झौताले समताका तीनवटै प्रमुख पक्षहरुलाई समेटेको छ । सो सम्झौताको अनुसूची १ मा रेडप्लससँग सम्बन्धित नितीगत पक्ष तथा सकारात्मक फाइदाकाबारेमा आवश्यक मार्गदर्शन तथा सुरक्षात्मक उपाय सुझाइएकाछन् (बाकस ३ हेर्नुहोस) । यसमा खासगरी स्थानिय र आदिबासी समुदायहरुका ज्ञान र अधिकारहरु तथा सरोकारवालाहरुका पूर्ण र प्रभावकारी सहभागितालाई वन, जलवायु परिवर्तन र रेडप्लसमा समता वृद्धि गर्नका लागि अत्यावश्यक प्रावधानका रुपमा व्यवस्था गर्नुपर्ने कुरा औंल्याइएकोछ ।

सन् २००७ मा अङ्गीकार गरिएको आदिबासी जनताको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघिय घोषणापत्र (यूएनड्रिप) ले आदिबासी जनजाती सम्बन्धी थुप्रै सवालमाथि उनीहरुको अधिकारको पहिचान गर्नुका साथै अन्तर्राष्ट्रिय समुदायलाई आवश्यक विश्वव्यापी संरचना प्रदान गर्दछ । यसमा खासगरी स्वतन्त्र, अग्रिम सुसूचित सहमती (एफपिआइसी) को सिद्धान्त पर्दछ । खासगरी रेडप्लसमा समता सुदृढ गर्न आदिबासी जनजाती तथा स्थानिय समुदायको ज्ञान र अधिकारको पहिचान गर्ने हकमा क्यानकुन सम्झौताले युएनड्रिपलाई पनि अनुसरण गर्दछ ।

[5] Weiss, E.B., 1990. Our rights and obligations to future generations for the environment. *American Journal of International Law*, 84: pp. 198-207. Available at: http://dx.doi.org/10.2307/2203020

## बाकस ३ः युएन्एफसिसिसि सुरक्षा मापदण्ड – क्यानकुन सम्झौता

युएन्एफसिसिसिका पक्षराष्ट्रहरुको क्यानकुनमा भएको १६ औं सम्मेलनमा "कानकुन सुरक्षा मापदण्ड" का नाममा रेडप्लसकालागि सातवटा सिद्धान्तहरु स्वीकार गरिएका छन् । रेडप्लससँग सम्बन्धित सामाजिक र वातावरणीय खतराहरुको पहिचान र स्थानिय समुदायकालागि आवश्यक बहुलाभहरुलाई पहिचान तथा मध्यनजर गर्दै यि सुरक्षाका सिद्धान्तहरु तयार पारिएका हुन् । कानकुन सम्झौता अनुसार रेडप्लस लागूगर्दा तल उल्लेखित सुरक्षाका सिद्धान्तहरुलाई अङ्गिकार तथा प्रोत्साहन गर्नुपर्ने कुरा उल्लेख छ ।

१. रेडप्लससम्बन्धि कार्यक्रमहरु राष्ट्रको वनसम्बन्धि कार्यक्रमको उद्देश्यहरू र सोसँग सम्बद्ध अन्तर्राष्ट्रियमहासन्धि एवं सम्झौताहरूसँग परिपूरक र तालमेल खाने किसिमको हुन्छ ।

२. रेडप्लस कार्यक्रममा राष्ट्रिय सार्वभौमसत्ता र राष्ट्रिय कानुनहरूलाई मध्यनजर गर्दै पारदर्शिताकासाथ वन सुशासनको प्रभावकारी संरचनालाई प्रवर्द्धन गरिनेछ ।

३. संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा अङ्गीकार गरिएको आदिवासी अधिकारसम्बन्धि संयुक्तराष्ट्रसंघीय घोषणालाई ध्यान दिदै, राष्ट्रिय परिवेश एवं कानुनहरू र सम्वद्ध अन्तर्राष्ट्रिय दायित्वहरूलाई मध्यनजर राख्दै आदिबासी जनजातीहरू र स्थानिय समुदायका सदस्यहरूको अधिकार र ज्ञानको सम्मान गर्ने कार्यलाई प्रवर्द्धन एवं सहयोग गरिनेछ ।

४. रेडप्लस अन्तर्गतका कार्यक्रमहरू सञ्चालन, रेडप्लससम्बन्धि राष्ट्रिय रणनीति र योजना निर्माण, वनसम्बन्धी आधारविन्दुहरूको तय र रेडको अनुगमन प्रणालीको विकास गर्दा खासगरी आदिबासी एवं स्थानिय समुदाय र सम्बद्ध सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागितालाई प्रवर्द्धन गरिनेछ ।

५. रेडप्लस सम्बन्धी कार्यक्रमहरुको प्राकृतिक वन तथा जैविक विविधता संरक्षणसम्बन्धि कार्यसँग तालमेल हुनेछ । रेडप्लस कार्यक्रमले प्राकृतिक वनलाई अन्य प्रायोजनमा रूपान्तरण नगरिने कुराको सुनिश्चितता गर्नुकासाथै यसले राष्ट्रको वन तथा यसका पारिस्थितिकिय प्रणालीहरूको संरक्षणकालागि उत्प्रेरणा प्रदान गर्दै अन्य वातावरणीय एवं सामाजिक फाइदाहरूको प्रवर्द्धनलाई अभिवृद्धि गरिनेछ ।

६. वन विनाशको पुनरावृत्ति हुनसक्ने खतराहरूलाई सम्बोधन गर्ने कार्यलाई प्रवर्द्धन र सहयोग गरिनेछ ।

७. उत्सर्जन स्थानान्तरण (कार्वन चुहावट) न्यूनिकरणका कार्यहरूलाई प्रवर्द्धन र सहयोग गरिनेछ ।

स्रोतः Source: http://unfccc.int/resource/docs/2010/cop16/eng/07a01.pdf



क्यानकुन सम्झौतालाई अनुसरण गर्दै विभिन्न वहुपक्षिय तथा द्विपक्षिय संघसंस्थाहरुले तल उल्लेखित गरिए अनुसार विभिन्न मार्गदर्शन तथा मापदण्डहरुका विकाश गरेका छन् । यि मापदण्डहरु स्वयंसेवी रुपमा आफ्नो सन्दर्भ र रुची अनुसार विभिन्न देशले अंङ्गिकार गर्न सक्दछन् । धेरैजसो यस्ता मापदण्डहरुले एफपिआइसी लगाएत समताका विभिन्न पक्षहरुलाई खासगरी आदिबासी जनजाती तथा स्थानिय समुदायका अधिकार, राष्ट्रिय सार्वभौमसत्ता, मुनाफा वितरणमा समानता, पूर्ण र प्रभावकारी सहभागिता, सुचनामा पहुँच, महिला लगायत सिमान्तिकृत समुहरुको कार्बन परियोजनामा सहभागिता तथा सशक्तिकरण र युएनड्रिपको पालना आदिलाई समावेश गरेका छन् । उल्लेखीत मार्गदर्शन तथा मापदण्डहरु निम्नानुसार छन् ।

- वन कार्वन सहकार्य समूहरुद्वारा विकाश गरिएको रणनीतिक वातावरण तथा समाजीक मूल्याङ्कन (सेसा) (www.forestcarbonpartnership.org)

- यूएनरेडद्वारा विकाश गरिएको रेडप्लसका लागि सामाजिक तथा वातावरणीय सिद्धान्त संरचना (www.un-redd.org)

- जलवायु, समुदाय र जैविक विविधता गठबन्धनद्वारा तयार पारिएको रेडप्लसकालागि सामाजिक तथा वातावरणीय सुरक्षण (www.rainforest-alliance.org/publications/redd-safeguards-guide)

- कृषि र प्राकृतिक स्रोतमा परिवर्तनका लागि संगठीत महिला (वकान) द्वारा तयार पारिएको महिलाकालागि कार्वन मापदण्ड (www.womenscarbon.org)

# प्रश्न ७ :

## वनमा आधारित जलवायु न्यूनीकरणका लागि स्थानिय तहमा समता सुनिश्चित गर्न के कस्ता चुनौतिहरु छन् ।

स्थानियस्तरमा वनमा आधारीत जलवायु परिवर्तन न्यूनीकरणमा समता प्राप्तगरी सुधार र सुनिश्चितता गर्दै लैजाने कार्य चुनौतिपूर्ण छ । समतालाई परिभाषित गर्ने सन्दर्भदेखि नै यो चुनौति शुरु हुन्छ । समताको आफ्नै सामाजिक परिवेश हुनेहुनाले विभिन्न सामाजिक र साँस्कृतिक परिवेश अनुसार यसलाई विभिन्न किसिमले परिभाषित गरिन्छ । त्यस्तै विभिन्न परिस्थिती तथा सँस्कृती अनुसार जलवायु परिवर्तन र रेडप्लसका सन्दर्भमा पनि पक्षपातरहित तथा न्यायपूर्ण सम्बन्धको अवधारणा फरकफरक रहेको पाइन्छ । त्यस्तै समतालाई बढावा दिनकालागि सामाजिक, सांस्कृतिक, जैविक तथा भौतिक परिस्थितीलाई पहिले नै राम्ररी बुझ्नु जरुरी हुन्छ । न्यायपूर्ण तथा पक्षपात रहित सम्बन्धलाई परिभाषित गर्दै समतासम्बन्धि साझा बुझाइ विकाशगरी त्यसलाई व्यवहारमा लागू गर्नकालागि तौरतरिकाको निक्यौल गर्न को लागिपरेको छ भन्ने कुराको राम्रोसँग विश्लेषण गर्नुपर्दछ ।

समतालाई असरपार्ने अन्य तत्वहरुमा स्थानियस्तरमा हुने शक्तिसम्बन्ध र त्यसमा हुने गतिशिल परिवर्तनहरु नै हुन् । गतिशील शक्ति सम्बन्धहरुले नै सहभागितामूलक निर्णय प्रक्रिया तथा स्रोत र मुनाफाका वितरण सम्बन्धी व्यवस्थालाई प्रभाव पार्दछन् । प्राकृतिक स्रोत माथि हुने ठुलाबडा तथा शक्तिवालाहरुको नियन्त्रण तथा लागत र मुनाफा वितरणमा हुने विभेदहरु विभिन्न सरोकारवालाहरुबीचको शक्तिसम्बन्ध बाटै निर्देशित हुन्छन् ।

जमिनमाथिको भू-स्वामित्व र अधिकार सुरक्षा जलवायु परिवर्तन र रेडप्लस संयन्त्रमा समता सुधार गर्नकालागि अर्को महत्वपूर्ण चूनौतिको रुपमा रहेको छ । जमिनमाथिको स्वामित्व र विभिन्न तहमा जग्गा धनिहरुको रेडप्लस प्रतिको जिम्मेवारीमा भएको अस्पष्टताले गर्दा स्थानीय समुदाय र आदिबासी जनजातीका परम्परागत अधिकार गलत किसिमले प्रयोग हुनसक्दछ । त्यसैले रेडप्लसबाट प्राप्त हुने कार्वन र गैह्र कार्वन फाइदामा पहुँचको पहिचान तथा व्याख्या गर्नु अत्यन्तै महत्वपूर्ण हुन्छ । जमिन तथा कार्वन र गैह्र कार्वन फाइदामा हुने पहुँच तथा स्वामित्वमा अष्पष्टता भएमा विभिन्न तहका सरोकारवालाहरुबीच अन्यायपुर्ण सम्बन्ध स्थापित हुनसक्दछ । त्यस्तो अवस्थामा खासगरी प्रष्टरुपमा अधिकार स्थापित नभएका व्यक्ति तथा समुदायहरु निर्णय प्रक्रिया र रेडप्लसका फाइदाबाट विमुख हुनसक्दछन् ।




रेडप्लसकालागि लाग्ने लगानी र त्यसबाट हुने मुनाफा वितरण गर्नकालागि आवश्यक संयन्त्र निर्माण गर्ने कार्य एक अर्को चुनौतिका रुपमा रहेको छ। रेडप्लसबाट पाइने फाइदाकाबारेमा निरन्तर भइरहेको अनिश्चितता कारण ऐतिहासिक कालदेखि नै वन तथा कार्वन भएका पारिस्थितिकिय प्रणलीहरुको संरक्षण र दीगो व्यवस्थापनको जिम्मेवारी सम्हालीरहेका आदिबासी जनजाती तथा वनमा आश्रित समुदायलाई कार्वन उत्सर्जन घटाउनकालागी उत्प्रेरित गर्ने तत्व (फाइदा) हरु कम मात्रामा रहन्छन् वा रहँदैनरहन पनि सक्दछन् ।

जलवायु परिवर्तन तथा रेडप्लसका सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा भइरहेका सन्धीसम्झौताहरुमा स्थानियस्तरका सरोकारवालाहरुको प्रतिनिधित्व पर्याप्त नहुनु पनि एक प्रमुख अवरोधको रुपमा देखा परेको छ । स्थानिय सरोकारवाला तथा उनीहरुका प्रतिनिधीहरुले जलवायु परिवर्तन र रेडप्लसकाबारेमा राम्ररी कुरा नबुझ्नु र उनीहरुले आफ्ना समस्या, इच्छा तथा चहानाहरुलाई प्रभावकारीरुपले विभिन्न तहका निर्णयकर्ता तथा नीति निर्माणकर्ता समक्ष राख्न नसक्नुले पनि यो अवरोध भएको छ । त्यस्तै जलवायु परिवर्तन र रेडप्लसकाबारेमा सरल र प्रष्ट बुझिने स्थानिय भाषामा सूचनाहरु प्राप्त नहुनुले पनि स्थानिय सरोकार वालाहरुले निर्णय प्रकियामा प्रभावकारी भूमिका खेल्न नसकेको हुनसक्दछ। यस्ता किसिमका कारणहरुले गर्दा रेडप्लसका परियोजना सञ्चालकहरुले आफ्ना फाइदाकालागि स्थानिय समुदायका जोखिम बढाउन सक्दछन् । फलस्वरुप रेडप्लसबाट स्थानीय सरोकारवालाहरुले सोचेजस्तै फाइदा नपाउने हुनसक्दछ ।

विभिन्न सामाजिक-साँस्कृतिक सन्दर्भमा खासगरी जलवायु परिवर्तन र रेडप्लसका उपलब्धीका लागि गरिने कार्यक्रम तर्जुमा गर्न आदिबासी जनजाती र वनमा आश्रित स्थानिय समुदायको परम्परागत ज्ञानको महत्वको पहिचान गर्नु अत्यन्तै आवश्यक छ। रेडप्लसमा समतासम्बन्धी हुने हालका बहसहरुमा आदिबासी जनजाती तथा स्थानिय समुदायका सवालहरु समाहित हुने हुनाले पनि उनीहरुका परम्परागत ज्ञान र अभ्यासहरुको पहिचान गर्नु र त्यसबाट सिक्नुपर्ने देखिन्छ। दुर्भाग्यवश रेडप्लसको बहसमा यसले अझै आवश्यकता अनुसारको ध्यान पाएको दखिंदैन। यसकारण रेडप्लस असफल हुने खतरा बढ्दै जान सक्दछ।




# खण्ड ४: स्थानिय तहमा समता सुधार गर्नकालागि क्षमता अभिवृद्धि

# प्रश्न ८:

## जलवायु परिवर्तन र रेडप्लसमा समताको प्रवर्द्धन गर्न स्थानिय सहजकर्ताको भूमिका के हुनसक्दछ ?

मानिसका भावना, सम्बन्ध र छलफल आदिबाट आवश्यक उर्जा प्राप्तगरी एकआपसमा सरोकार राख्ने व्यक्तिगत तथा सामुहिक व्यवहारहरुमा केन्द्रित रहि मानिसका विविधतालाई उपयोगगरी कार्यगर्ने एक प्रक्रिया नै सहभागितामूलक संलग्नता हो ।

स्थानिय सहजकर्ताहरुको संलग्नताको उल्लेखित परिभाषालाई ख्यालगर्दै जलवायु परिवर्तन र रेडप्लसका प्रस्तावहरुमा समता वृद्धि गर्नकालागि स्थानिय सरोकारवालाहरुको संलग्नतालाई सहजीकरण गर्नुका साथै त्यसक्रममा आइपरेका प्रमुख अवरोध तथा चुनौतीहरुलाई सम्वोधन गर्न विभिन्न भूमिका निर्वाह गर्दछन् । स्थानिय सहजकर्ताहरुले समता प्रवर्द्धन गर्न खेल्ने केही भूमिकाहरु निम्नानुसार छन् ।

**सामुदायिक संगठन** – कम प्रतिनिधित्व भएका समुदायहरुका प्रस्ताव अगाडी बढाउन सहजीकरण गर्नुका साथै समुहहरुलाई आवश्यक तयारीका लागि सहयोग गर्ने,

**विधि तथा प्रक्रिया निर्माण तथा मार्ग निर्देशन गर्ने:** संलग्नताकालागि छोटो र लामो अवधिका विधि तथा प्रक्रिया निर्धारण गर्ने, प्रष्ट रुपमा उदेश्यहरु उल्लेख गर्ने, प्रत्येक चरण र क्रियाकलापहरु पर्याप्त रुपले व्याख्या गर्दै तिनको एक आपसको तार्किक सम्बन्ध प्रष्ट पार्ने ।

**आत्मविश्वास बढाउने** – कमजोर वर्गलाई उनीहरुले देखेका महत्वपूर्ण सवालहरु छलफलमा अगाडी बढाउनकालागी आवश्यक सहयोग तथा सशक्तिकरण गर्ने ।

**सुचना प्रवाह तथा व्याख्याकर्ता** – रेडप्लस, वन तथा जलवायु परिवर्तन सम्बन्धी सुचना, मापदण्ड तथा विकासक्रम अध्यावधिक राख्ने र ती जानकारीहरुलाई प्रष्ट रुपमा स्थानिय समुदायले बुझ्ने गरी आफ्ना व्यक्तिगत बिचार र दृष्टिकोण नमिसाई व्याख्या गर्ने ।



**सञ्जालकर्ता** – विभिन्न समुहहरु, सवालहरु आदिकाबारेमा जानकारी राख्दै यिनीहरुबीच तालमेल मिलाउने तथा आवश्यक परेका बेलामा आत्मविश्वास सहित सहयोग गर्ने । आवश्यकता अनुसार सञ्जाल र गठवन्धन निर्माणमा सहयोग गर्ने ।

**इमान्दार मध्यस्तकर्ता** – समुदाय तथा कार्वन आपूर्तिकर्ताहरुलाई पक्षपातरहित र पारदर्शी बजार तथा निर्णय प्रक्रियाहरुमा जोड्ने ।

**स्थान बनाउने व्यक्ति** – विचार छनौट गरी दृष्टिकोण दिने कार्य गर्ने, आम निर्णय प्रक्रियामा कुरा नसुनिएका वर्गका विचार तथा दृष्टिकोणहरुलाई मौका सृजना गर्दै छलफलमा ल्याउने कार्य गर्ने ।

**दस्तावेजीकरण गर्ने** – प्रभावकारी रुपमा सरोकारवालाहरुका असली भनाइराख्दै त्यसलाई निश्चित् दृष्टिकोणसहित दस्तावेजीकरण गर्ने र सोलाई आवश्यकता अनुसार अन्य व्यक्ति, समुदाय, संस्था आदिसँग संञ्चार गर्ने ।

**लैंङ्गिक समानताको नेतृत्वकर्ता** – लैङ्गिक शक्तिसम्बन्धको कुरालाई प्रष्ट रुपमा व्याख्या गर्ने तथा आवश्यकता अनुसार चुनौती दिने, पक्षपात बिहिन फाइदा बाँटफाँट र निर्णय प्रक्रियामा महिला र पुरुषका प्रभावकारी, अर्थपूर्ण तथा बराबर सहभागीताका लागि आवश्यक वातावरण बनाउने ।

**बहुसरोकारवाला छलफल प्रोत्साहनकर्ता** – विभिन्न सरोकारवालाहरुबीच छलफल र वहस गर्न उनीहरुलाई उत्प्रेरित गर्ने र एक आपसमा साझा बुझाइ बनाउनकालागी विभिन्न उपाय, विधि तथा मौकाहरु सृजना गर्ने ।



**शुरुवातकर्ता/प्रोत्साहनकर्ता –** आवश्यकता अनुसार रेडप्लस निर्णय प्रक्रियामा आदिबासी जनजाती र वनमा आश्रित समुदायको संलग्नताका लागि वकालत गर्नुकासाथै सो कुरा पक्का गर्ने ।

माथि उल्लेखित कुनैपनि भूमिका निर्वाह गर्दा स्थानिय सहजकर्ताले समतासम्बन्धि बिषयवस्तुमा आफ्ना व्यक्तिगत धारणाहरु कुनै पनि पक्षमा वा विपक्षमा दिनु नहुने कुरा अत्यन्तै महत्वपूर्ण र आधारभूत कुरा हुन आउँदछ । यसको अर्थ यो हुन्छ की सहजकर्ता आफैंले कुनै निर्णय गर्ने तथा आफ्नो दृष्टिकोण बनाउने गर्नुहुंदैन । कार्य गरिरहेका समुहहरुले उनीहरुका सामाजिक, साँस्कृतिक, जैविक र भौतिक अवस्थाहरुमा समतालाई कसरी लागु गर्ने भन्ने विषयमा निर्णय गर्दछन् । कार्यविधिजन्य समताका विषयमा भने सहजकर्ताले कसरी सिमान्तिकृत वर्गका आवाज तथा सवालहरुलाई मुखरित गर्न सकिन्छ भन्ने कुरामा विशेष ध्यान दिनु जरुरी छ । सिमान्तिकृत समुदायहरु पहिचान गरेर रेडप्लस परियोजनाको योजना तर्जुमा तथा कार्यान्वयनमा उनीहरुका इच्छाहरु पार्ने कार्य (सन्दर्भजन्य समता) कार्यविधिजन्य समतासँग जोडिन आउँदछ ताकी उनीहरुको क्षमता विकाश गरी रेडप्लसबाट प्राप्त हुने कार्वन र गैह्र कार्वन फाइदामा उनीहरुको पहुँच र नियन्त्रण बढाउन सकियोस् ।

# प्रश्न ९:

## वन, जलवायु परिवर्तन र रेडप्लसमा समताको अनुगमन गर्न आवश्यक प्रमुख आधार र सुचकहरु के के हुन् ?

वन, जलवायु परिवर्तन र रेडप्लसमा समताका आधारभूत सिद्धान्त र मान्यताहरुलाई प्रभावकारी समायोजन गर्नकालागि समताका तीनवटै पक्षहरुको अनुगमन गर्नुपर्दछ । समताको अनुगमन गर्नकालागि आवश्यक पर्ने प्रमुख आधार तथा सुचकहरु तल दिइएका छन् ।

**वितरणजन्य समता** – वितरणजन्य समताका प्रमुख तत्वहरुमा सरोकारवालाहरुबीच समान र पक्षपातरहित किसिमले लगानी, मुनाफा र जोखिमहरुको बाँडफाँड हुने कुरा पर्दछन् । तल दिइएको सूचीमा वितरणजन्य समताका प्रमुख तत्वहरु र तिनलाई प्रभावकारी रुपमा अनुगमन गर्नकालागि आवश्यक पर्ने गुणात्मक र संख्यात्मक तथ्याङ्कहरुका बारेमा उल्लेख गरिएको छ ।

| मुख्य सवालहरु | अनुगमनका लागी संकलन गर्नुपर्ने सुचना तथा तथ्याङ्क |
|---|---|
| लगानी | • लगानीका किसिम - आर्थिक र अन्य योगदानहरु जस्तै वनगस्ती, वृक्षारोपण, वन व्यवस्थापन कार्यकालागि स्थानिय समुदायले गर्ने शारीरिक परिश्रम ।<br>• त्यस्ता लगानीको भाग हिस्साको बाँडफाँड - कसले पैसा तिर्ने वा के कामका लागी कहिले र कसरी योगदान दिने । |
| जोखिम | • वन पैदावर पहुँचमा कटौती तथा नियन्त्रण, जिविकोपार्जनमा चुनौति, निश्चित समुहलाई निर्णय प्रकियामा र फाइदा वितरणमा संलग्न नगराइनु, स्थानिय सरोकारवालाहरुको आशा अवास्तविक हुनु तथा फाइदा भन्दा लगानी धेरै हुनु । |
| मुनाफा | • वनबाट हुने आर्थिक तथा अन्य फाइदा जस्तै कार्वन र अन्य फाइदाकालागी व्यक्ति तथा समुदायलाई दिइने रकम तथा वनबाट प्राप्त हुने फाइदामा पहुँच बढ्नु, वैकल्पीक आम्दानीका कियाकलापहरु र महिला तथा सीमान्तीकृत समुहको रेडप्लसमा सहभागीता बढ्नु, आदि ।<br>• अधिकार र फाइदा सम्बन्धि दस्तावेज गरीएका परिर्तनका घटनाहरु । |

**कार्यविधिजन्य समता** – कार्यविधिजन्य समतामा प्रमुख सरोकारवाला तथा अधिकार वालाहरुले निर्णय प्रक्रियाहरुमा आफ्ना भनाइ तथा सवालहरु प्रभावकारी रुपमा राख्ने मौका पाएका छन् कि छैनन् भन्ने कुरा हेरिन्छ । तल दिइएको सूचीमा कार्यविधिजन्य समता अनुगमनका लागि आवश्यक प्रमुख सुचक तथा तिनका लागि आवश्यक पर्ने तथ्याङ्क र जानकारीकाबारेमा उल्लेख गरिएको छ ।

| मुख्य सवाल | अनुगमनका लागि संकलन गर्नुपर्ने सुचना तथा तथ्याङ्क |
|---|---|
| प्रमुख सरोकारवाला तथा स्थानिय तहमा निर्णय गर्ने संस्थाहरुको मिश्रण | ● प्रमुख सरोकारवालाहरुको विश्लेषण<br>● महिला, आदिबासी तथा जनजाती र अन्य सिमान्तिकृत व्यक्ति तथा समुदायहरुको निर्णय गर्ने संस्था/समितीमा संलग्नता<br>● निर्णय गर्ने संस्था/समितीमा पदाधिकारीहरु छनौट/निर्वाचित गर्ने कार्यविधि तथा प्रावधानहरु (छनौट तथा चुनाव आदि)<br>● समताका प्रमुख सवालहरुको पहिचान तथा विभिन्न सरोकारवालाहरुको सहभागिताका लागि अवसर तथा चुनौतीहरु |
| निर्णय प्रकिया | ● वन व्यवस्थापन र कटानमुछ्यानकालागि स्थानिय निर्णय गर्ने संस्था वा समिती मार्फत् तयार गरिएका नीतिनियमहरु लागू भएनभएको ।<br>● सहभागितात्मक निर्णय प्रक्रियामा एफपिआइसीको ज्ञान तथा अभ्यास भएनभएको ।<br>● निर्णय प्रक्रियामा समाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहिकरण, वनस्रोतमा पहुँच तथा फाइदा बाँडफाँड संयन्त्र सम्बन्धी नीतिनियम भएनभएको ।<br>● प्रति बर्ष वा महिना कतिवटा बैठक हने गर्दछन् र बैठकमा निर्णय पुस्तीकामा दस्तावेजीकरण गरिन्छ ?<br>● पहिलेका बैठकमा गरिएका निर्णयहरु लागु भएनभएको बिषयमा अनुगमन तथा पुनरावलोकन गर्ने योजना । |
| पारदर्शिता र सूचनामा पहुँच | ● गुनासो सुन्ने संयन्त्र र स्थानिय समुदायमा यसबारे भएको जानकारी ।<br>● वन विनाश र क्षयीकरण, वन व्यवस्थापनका आर्थिक कियाकलापहरु, आर्थिक स्रोत र खर्च, फाइदा वितरण संरचना लगायत वन व्यवस्थापनका जानकारीहरुमा पहुँच ।<br>● रेडप्लस सम्बन्धी जोखिम, चूनौती र अवसर गुमाइएको लागत सम्बन्धि जानकारी ।<br>● रेडप्लसमा समता सुदृढ गर्नकालागी स्थानिय समुदायहरुले भागलिन पाउने अन्य बहुसरोकारवाला मञ्चहरु ।<br>● रेडप्लस परियोजनाको योजना तर्जुमा तथा कार्यान्वयनलाई प्रभाव पार्नसक्ने अन्य वन तथा जमिनमा आधारित विकास परियोजकाबारेमा जानकारी तथा ज्ञान । |

**सन्दर्भजन्य समता** – वितरणजन्य समता र कार्यविधिजन्य समताका लागि हालको अवस्था, क्षमता र वातावरण उपयुक्त छन्छैनन् भन्ने कुरा सन्दर्भजन्य समतासँग सम्बन्धित छन् । रेडप्लसका सन्दर्भमा स्रोत माथिको पहुँच तथा वन व्यवस्थपनमा विभिन्न सरोकारवालाहरुका भुमिका र जिम्मेवारीहरुसँग सम्बन्धित नीति, संस्था र प्रकृया[5]हरुकाबारेमा जानकारी हुनु महत्वपूर्ण हुन्छ । तल सूचीमा दिएका बुँदाहरुका आधारमा सन्दर्भजन्य समता अनुगमन गर्न सकिन्छ ।

| **मुख्य सवाल** | **अनुगमनका लागी संकलन गर्नुपर्ने सुचना तथा तथ्याङ्क** |
|---|---|
| स्थानीय वन व्यवस्थापनको हालको वस्था/सन्दर्भ | ● वन व्यवस्थापनका संस्थागत प्रावाधनहरु खासगरी वन व्यवस्थापनका निर्णयहरु कसले, किन र कसरी गर्दछन् ?<br>● समावेशीकरणका अवरोधहरु जस्तै लैंङ्गिकता, जात, शिक्षा, उमेर, पेशा, स्थान, पारिवारिक अवस्था, धर्म, आदिका कारण अधिकार, पहुँच र अवरोधमा के फरक परेको छ र कसरी यि तत्वहरुले विभिन्न समुदायका समतासम्बन्धी सवालहरुलाई प्रभाव पार्दछन् ?<br>● वन तथा वन्यस्रोत उपयोग सम्बन्धि हाल भएका विवादहरु । |
| रेडप्लस क्षमता | ● वनस्रोत व्यवस्थापन तथा त्यसमा पहुँचसँग सम्बन्धित निती तथा नियमकानुन सम्बन्धी स्थानिय समुदायका सदस्यहरु तथा प्रमुख निर्णयकर्ताहरुसँग भएको जानकारी तथा ज्ञानको स्तर ।<br>● महिला र आदिबासी जनजाती लगाएत विभिन्न आर्थिक सामाजीक समुहका स्थानीय मानिसहरुबीच भएको वन व्यवस्थापन, जलवायु परिवर्तन, रेडप्लस तथा सोसँग सम्बन्धित निती तथा योजनाहरुको जानकारी तथा ज्ञान ।<br>● वन व्यवस्थापन, जलवायु परिवर्तन र रेडप्लस सम्बन्धि स्थानिय समुदाय र स्थानिय तहमा निर्णय गर्ने ठाउँमा भएका व्यक्तिहरु सहभागी भएका क्षमता अभिवृद्धि कार्यक्रमहरु ।<br>● समुदायका विभिन्न समुहहरुबीच हुने सिकाइ आदानप्रदानको संस्कृती जस्तै नियमित बैठकमा छलफल गर्ने, विशेष समय लिएर जानकारी प्राप्त व्यक्तिबाट नयाँकुराहरु सिक्ने, आदि । |

[5] An organization, establishment, foundation, society, or the like, devoted to the promotion of a particular cause or program, especially one of a public, educational, or charitable character


P: K Thapa

# प्रश्न १०:

## वनमा आधारित जलवायु परिवर्तन न्यनीकरणमा समता सुधार गर्नकालागि रिकफ्टको भूमिका के हुनसाक्दछ ?

जनता र वनकालागि केन्द्र (रिकफ्ट) अधिकारमुखी आवधारणाका सिद्धन्तलाई पहिचान गरी कार्यक्रमहरु लागू गर्दछ । अधिकारमुखी अवधारणा भन्नाले विकासका योजना तथा प्रक्रियाहरुमा अन्तर्राष्ट्रिय मानवअधिकार पद्धतिका सिद्धान्त, लक्ष्य, मान्यता तथा मापदण्डहरुलाई समाहित गर्ने संरचना बुझिन्छ । आफ्नो प्रमुख कियाकलाप क्षमता अभिवृद्धिमा केन्द्रित हुँदै रिकफ्ट वनमा आधारित जलवायु परिवर्तन न्यनीकरणमा सामाजिक समताका अवधारणा र सिद्धान्तहरु अनुसन्धान तथा क्षमता अभिवृद्धिका सामाग्रीमा समेट्दै क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दछ । खासगरी नोराडको आर्थिक सहयोगमा सञ्चालित एसियामा रेडप्लसकालागि स्थानिय सरोकारवालाहरुको क्षमता अभिवृद्धि कार्यक्रम र यूएसएडको आर्थिक सहयोगमा मेकङ क्षेत्रमा समता र सवल सञ्जाल कार्यक्रम गरी दुई क्षेत्रीय कार्यक्रमहरुले जलवायु परिवर्तन न्यूनीकरणमा सामाजिक समताको अवधारणलाई सम्वोधन गर्ने गर्दछन् । यि दुई कार्यक्रमहरु भौगोलिक, पद्धतिय तथा लक्षित वर्गका दृष्टिकोणले एकआपसमा परिपुरक छन् । लाओस, वर्मा र भियतनाम गरी तीनवटा मेकङ क्षेत्रका देशहरु दुबै परियोजनाका साझा देशहरु हुन्भने स्थानिय सरोकारवालाको क्षमता अभिवृद्धि परियोजना इन्डोनेशीया र नेपालमा समेत सञ्चालित छ र समता र सवल सञ्जाल परियोजना कम्वोडिया र थाइलैण्डमा पनि सञ्चालनमा छ । दुवै परियो जनाहरुले एक आपसमा परिपुरक हुने माथीबाट विस्तारै तल जाने पद्धति अनुसरण गरेका छन् । स्थानिय सरोकारवालाको क्षमता अभिवृद्धि परियोजना स्थानिय देखि प्रान्तीय स्तरमा केन्द्रित छन् भने समता र सवल सञ्जाल परियोजना क्षेत्रिय देखि प्रान्तिय स्तरमा लागु भएका छन् ।

त्यस्तै समता र सवल सञ्जाल परियोजनामा लक्षित समुदाय सरकारी कर्मचारी र स्थानिय स्तरमा कार्यरत नागरिक समाजका संगठनहरु छन् भने स्थानिय सरोकारवालाको क्षमता अभिवृद्धि परियोजनामा वनमा आश्रित समुदायहरु, गैह्र-सरकारी संस्था र स्थानिय समुदाय खासगरी महिला, आदिबासी तथा जनजाती, पत्रकार, शिक्षक, विद्यार्थी र युवाहरु लक्षित वर्गको रुपमा रहेका छन् । त्यस्तै स्थानीय सरोकारवालाको क्षमता अभिवृद्धि परियोजनामा



स्थानिय स्तरमा सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने क्रियाकलापहरुमा केन्द्रित छ भने समता र सवल सञ्जाल कार्यक्रम भने दक्षिणपूर्वी एसिएन देशहरुको क्षेत्रिय संगठन (आसियान) सँगको सहकार्यमा राष्ट्रिय र क्षेत्रिय स्तरका कार्यक्रमहरुमा लक्षित छ । यस्ता समग्र सरोकारवालाहरुलाई समेटेर गर्ने कार्यक्रमहरुले स्थानिय सरोकारवाला, नितीनिर्माता तथा राष्ट्रिय र क्षेत्रियतहका कार्यान्वयन तहका व्यक्तिहरुबीचको सञ्चार तथा सम्बन्धलाई प्रगाढ बनाउन मद्धत गर्दछन् । फलस्वरुप एसिया प्रशान्त क्षेत्रमा वन, जलवायु परिवर्तन र रेडप्लसका सन्दर्भमा सामाजिक समताका सिद्धान्तहरुलाई प्रत्साहन गर्न थप टेवा पुगेको छ ।

यो प्रश्नोत्तर पुस्तिका तयार पार्नु पहिले दुबै परियोजनाहरु मिलेर "वन र जलवायु परिवर्तका सन्दर्भमा स्थानिय स्तरमा समता सुधार" भन्ने तालीम निर्देशिका तयार पारेका थिए । यस हाते पुस्तिकामा उल्लेखित छोटा सरल व्याख्या तथा जानकारीहरु वन, जलवायु परिवर्तन र रेडप्लसका सन्दर्भमा समताका प्रमुख पक्षहरुकाबारेमा प्रकाश पार्न सो तालिम निर्देशिकाको परिपुरक छन् ।

थप जानकारीका लागी निम्न वेवसाईट हेर्नुहोस ।

- स्थानिय समता पोर्टलः http://www.recoftc.org/project/green-mekong/project/grassroots-equity-portal
- लैङ्गिक समता भिडिओ: http://www.recoftc.org/project/green-mekong/videos/videowhat-gender-equity
- लैङ्गिक समता पुस्तिका: http://www.recoftc.org/project/grassroots-capacitybuilding-redd/q-and/gender-redd-qa-handbook
- मेकङ क्षेत्रमा समता र सवल सञ्जाल कार्यक्रम: http://www.recoftc.org/project/green-mekong
- एसियामा रेडप्लसकालागी स्थानिय सरोकारवालाहरुको क्षमता अभिवृद्धि कार्यक्रम: http://www.recoftc.org/project/grassroots-capacitybuilding-redd



RECOFTC
THE CENTER FOR PEOPLE AND FORESTS

रिकफ्टले एसिया प्रशान्त क्षेत्रमा वनको दिगो व्यवस्थापनका लागी स्थानीय जनताको क्षमता अभिवृद्धी गरी उनीहरुको अधिकार सुदृढीकरण गर्ने, शासकिय व्यवस्था सुधार्ने र न्यायपूर्ण रुपले फाइदाको बाँटफाँट गर्ने लक्ष्य लिएको छ ।

रिकफ्टले वन व्यवस्थापनको क्षेत्रमा विशिष्ट र महत्वपूर्ण क्षेत्र ओगटेको छ । यो समुदायिक वनको क्षेत्रमा क्षमता अभिबृद्धि गर्ने कार्यमा विशेष क्षमता भएको एकमात्र अन्तराष्ट्रिय गैह्रसरकारी तथा गैह्रनाफामूलक संस्थाको रुपमा स्थापित भएको छ । यो एसिया प्रशान्त तथा अन्य क्षेत्रमा समेत सरकारी, गैह्रसरकारी, शैक्षिक, निजी, अनुसन्धानमूलक संस्थाहरुका साथै नागरिक समाज र स्थानीय जनतासँगको प्रभावकारी सहकार्य र रणनितीक सञ्जालमा सक्रिय रुपले संलग्न छ । यसले बिगत २५ बर्षदेखी अन्तर्राष्ट्रियस्तरमा अनुसन्धान तथा विश्लेषण, प्रदर्शन तथा क्षमता अभिबृद्धिका गतिशील पद्धती विकास गर्नुकासाथै जनता र वनका लागी सिर्जनशील उपायहरु अवलम्बन गर्दै आएको छ ।

रिकफ्ट - जनता र वनका लागी केन्द्र
पो.ब.नं. : ११११
कासेसार्ट पोष्ट अफिस
बैंकक १०९०३, थाइलैंण्ड
फोन : (६६-२) ९४०-५७००
फ्याक्स : (६६-२) ५६१-४८८०
इमेल : info@recoftc.org
वेवसाइट : www.recoftc.org

नेपाल कन्ट्री प्रोग्राम
कोटेश्वर-३५, मनोहरा मार्ग, काठमाडौं